स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




यही असार ७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दान्भी'को प्रचारमा यतिबेला अभिनेत्री पूजा शर्माको राम्रै दौडधुप देखिएको छ । हरेक दिन मिडियामा अन्तर्वार्ता दिन भ्याइनभ्याइ भइरहँदा उनी वृक्षरोपणमा पनि सहभागी भएकी छन् । पशुपति मन्दिरको पूर्वमा रहेको मृगस्थली वन क्षेत्रमा सोमबार बिहान उनले फिल्मका अभिनेता कुन्साङ बोमजनको साथमा वृक्षरोपण गरेकी थिइन् । पूजाले खनेको खाल्टोमा कुन्साङले बिरुवा राख्ने काम गरेका थिए ।

**आजको विचार...**



युग...
(दुई पेजमा)

डा. डीआर उपाध्याय



नेपालीमा एउटा प्रचलित भनाई छ, 'जति बुझ्यो त्यति कठीन, झन् झन् बुझ्यो झन् झन् कठीन ।' अभिनेता प्रदीप खड्का र निर्माता सन्तोष सेनबीचको सम्बन्ध पनि यही भनाईजस्तै छ । जति बुझ्यो त्यति नै कठीन हुन्छ । कहिले दाजु-भाईजस्ता देखिन्छन् त कहिले भेटघाट र बोलचाल नै बन्द हुन्छ । 'प्रेमगीत ३'को बेला घनिष्ट देखिएका उनीहरुको यतिबेला सम्बन्ध चिसिएको चर्चा उत्कर्षमा छ । तर, प्रदीपको फिल्म 'पूजार सार्की'को पोस्टरदेखि ट्रेलरसम्म फेसबुकमा सेअर गर्दै निर्माता सेनले शुभकामना दिएका थिए ।


❐ वर्ष २९ ❐ अंक ३२० ❐ २०८१ असार ५ गते बुधबार 19 June 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### भारी वर्षा र पहिरोका कारण १३ जनाको मृत्यु

(रासस/एएफपी)

**सानसाल्भाडोर (अमेरिका),** असार ४/मध्य अमेरिकामा भारी वर्षाका कारण एल साल्भाडोर र ग्वाटेमालामा बाढी र पहिरोमा परी १३ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । एल साल्भाडोरमा, अहिलेसम्मको सबैभन्दा बढी प्रभावित देश, पश्चिमी जिल्ला टाकुबामा सोमबार पाँच जनाको मृत्यु भएको नागरिक रक्षा प्रमुख लुइस अमायाले जनाए । यसै गरी राजधानीको राजमार्गमा यात्रा गरिरहेको कारमा रूख र पोलहरु खस्दा आइतबार दुई जनाको मृत्यु भएको थियो । शुक्रबार र आइतबारको बिचमा बाढी र पहिरोमा थप चार जनाको मृत्यु भएको अमायाले जनाए । आइतबार, काँग्रेसले स्रोतहरूको परिचालनलाई सहज बनाउन आपतकालिन अवस्थालाई अनुमोदन गर्यो । राष्ट्रपति नायब बुकेलेले एक्समा काँग्रेसलाई मंगलबार संघीय बिदाको आग्रह गर्दै यात्राबाट बच्न र "त्रासदीको जोखिम कम गर्न आह्ववाहान गरे । गत शनिबारदेखि नै दुवै स्थानमा वर्षा भइरहेको छ । ग्वाटेमालामा, पश्चिमी नगरपालिका सकापुलासको चाकाया गाउँमा आइतबार एक महिला र एक पुरुषको मृत्यु भएको अधिकारीहरूले जनाए । इक्वेडरमा पहिरोमा परि मृत्यु हुनेहरूको सङ्ख्या छ बाट बढेर सात पुग्नुका साथै अन्य २२ जना घाइते भएको अधिकारीहरूले बताएका छन् । उनीहरुका अनुसार दक्षिणी इक्वेडरको पर्यटक तुङ्गुरहुआ प्रान्तमा भारी वर्षाका कारण पहिरो गएको हो ।


# दुबईको जागिर छोडेर गाउँमै घाँसखेती

## मनग्य आम्दानी लिँदै गुल्मीका गोपाल

**रासस**

**तम्घास (गुल्मी),** असार ४/गुल्मीको मदाने गाउँपालिका- ३ सिर्सेनीका गोपाल खत्री क्षेत्रीको दैनिकी आजकाल घाँसखेतीमा कट्ने गरेको छ । उनान्चालीस वर्षीय उनी बिहान उठेदेखि रातिसम्म समयलाई बारीमै सदुपयोग गर्छन् । खत्रीले भने, 'अब घाँसखेतीबाटै जीविकोपार्जन गर्ने सोच बनाएको छु । २१ रोपनी आफ्नो र ८९ रोपनी छिमेकीको जग्गा भाडामा लिएर घाँसखेती गरेको छु । जग्गामा किम्बु, राइखन्यु, बडर, मरिङ्गा, रसियन कम्फे, नेपियर, रेड नेपियर, फोरजी बुलेज, जेइन्ड किङलगायत गरी ५० भन्दा बढी जातका घाँसका बिरुवा उत्पादन गरिरहेको छु । रसियन कम्फे विशेषगरी बङ्गुर र कुखुराको आहाराका लागि प्रयोग हुने गर्दछ । अन्य घाँस पनि गाईभैंसीलाई फाइबर, प्रोटिन र भिटामिनयुक्त रहेका छन् । यसका कारण गाईभैंसीलाई दान कम दिएर पनि दूध बढी उत्पादन हुने गर्दछ ।'

गत वर्षदेखि बिरुवा बिक्री गर्न सुरु गरेका उनले हालसम्म १० लाख ५० हजारभन्दा बढीको बिरुवा बिक्री गरेका छन् । उत्पादन गरेका



बिरुवा गुल्मीका साथसाथै अर्घाखाँची, पाल्पा, बुटवल, रुपन्देही, कपिलवस्तु, स्याङ्जा, पोखरा, रुकुमपश्चिम, रोल्पा, दाङ, हेटौँडा, मोरङलगायत स्थानमा बिक्री हुने गर्दछ ।

अधिकांश बिरुवा उनले अनलाइन मागका आधारमा पठाउने गरेका छन् । प्रतिबिरुवा दुईदेखि ५० सम्मका बिरुवा उनीसँग छन् । अहिलेको वर्षायाममा बिक्री गर्नका लागि उनीसँग ४० लाख बराबरका घाँसका बिरुवा रहेको छ । उनले गत वर्षभन्दा अहिले १० रोपनी जग्गामा थप घाँसखेती विस्तार गरेका छन् ।

**मासिक ८२ हजारको जागिर छाडेर आएँ**

खत्रीले १३ वर्ष दुबईको कम्पनीमा काम गरे । उनले भने 'दुबईमा मेरो मासिक ८२ हजार आम्दानी हुन्थ्यो । प्रत्येक शुक्रबार र शनिबार विभिन्न ठाउँमा घाँसखेती र बाखापालन गरेको ठाउँमा घुम्न जान्थे ।

त्यही देखेर गाउँमा घाँसखेती गर्न मन लाग्यो ।' सात लाखबाट सुरु गरेको घाँसखेती व्यवसाय अहिले झण्डै ४० लाखको भएको छ । उनले अहिले घाँसका साथसाथै होलिस्टिन जातका तीन गाई र तीन भैंसी पनि पालेका छन् । साथै एक सय ३० वटा बाखा अट्ने खोर पनि निर्माण गरेका छन् । अबको केही समयपछि बाखापालन गर्ने सोच बनाएको खत्रीले बताए । 'घाँसलाई मल चाहिन्छ, त्यो बाखा, गाईभैंसीबाट प्राप्त हुन्छ', उनले भने, 'गाईबाखालाई आवश्यक घाँस आफ्नै बारीमा उत्पादन हुन्छ ।' व्यवसायका लागि उनले श्रीमतीका साथ पाइरहेका छन् । 'विदेशको पैसाभन्दा यहाँको दु:ख धेरै प्यारो छ', खत्रीले भने, 'अब विदेश नजाने गरी व्यवसाय सुरु गरेको हुँ ।' उनले अन्य युवाहरूलाई स्वदेशमा प्रशस्त सम्भावना रहेको भन्दै गाउँमै कर्म गर्न सुझाव दिए ।

घाँसखेती गर्नका लागि उनले कतैबाट पनि अनुदान लिएका छैनन् । 'अनुदानले मानिसलाई परनिर्भर गराउँछ', उनी भन्छन्, 'सरकारले अनुदान बाँड्ने होइन, बजारीकरणमा सहयोग गर्ने हो ।' जग्गाको भाडामात्र वार्षिक एक लाख बुझाउने उनले प्रत्येक वर्ष एक हजार पाँच सयले रोजगार पाएको बताए । मदाने -३ का वडाध्यक्ष चेतबहादुर सेनले आफूहरू खत्रीको जस्तै व्यावसायिक किसानलाई प्रोत्साहन गर्न लागिपरेको बताए ।


**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपाय :**

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, नजिकैको स्वास्थ्य चौकीमा सम्पर्क गरी उपचार गर्ने ।

लुम्बिनी प्रदेश सरकार

**गृह मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल


# पाल्पामा पाँच जिल्लाको अन्तर जिल्ला समन्वय बैठक

## शान्ति सुरक्षा र विपद् व्यवस्थापनमा समन्वय गरेर जानेमा जोड

**पाल्पा,** असार ४/पाँच जिल्लाको अन्तर जिल्ला समन्वय बैंठक पाल्पामा बसेको छ । गुल्मी, रुपन्देही, कपिलवस्तु, नवलपरासी पश्चिम र पाल्पाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको बैंठक पाल्पाको तानसेनमा बसेको हो ।

विपद् व्यवस्थापन, जिल्लाको शान्ति सुरक्षा, सेवा प्रवाह लगायतका विविध विषयमा केन्द्रीत रहेर अन्तर जिल्ला समन्वय बैठक बसेको जनाइएको छ । पाल्पाका प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेको अध्यक्षतामा बसेको बैंठकले शान्ति सुरक्षा र विपद् व्यवस्थापनका विषयमा एक जिल्ला र अर्को जिल्लाबिच समन्वय गरेर जाने कुरामा जोड दिएको छ । बर्खा लागेसँगै प्राकृतिक विपद्बाट हुन सक्ने क्षति र जोखिमलाई कम गर्न एक अर्को जिल्लाबिच आवश्यक समन्वय गरिने भएको पाल्पाका प्रमुख जिल्ला अधिकारी काफ्लेले बताए । उनले भने 'एक जिल्लामा परेको विपद् व्यवस्थापनमा



आवश्यक जनशक्ति, उद्दारका सामग्री र राहतको व्यवस्थाका लागि एक आपसमा हातेमालो गरेर अगाडि बढ्ने कुरामा पाँचै जिल्लाका पदाधिकारीहरुले जोड दिएका छौं ।'

बैठकले, विपद व्यवस्थापन, अपराध तथा लागू औषध नियन्त्रण, अवैध ओसार पसारका विषयमा एक आपसमा सूचना आदान प्रदान गर्ने निर्णय गरेको पनि प्रजिअ काफ्लेले एनजेडीसँगको कुराकानीमा बताए । 'जिल्लामा भएका समस्याहरु एक अर्काबिच सेयर गर्ने र समाधानका लागि आवश्यक सहजिकरण गर्ने भन्ने पनि निर्णय गरेका छौ,' उनले भने । बैठकले ओभर लोडका सवारी साधानहरु नियन्त्रण गर्ने, नदीजन्य पदार्थ र प्राकृतिक स्रोतको अवैध उत्खनन र दोहन रोक्न कडाइका साथ लागि पर्ने निर्णय समेत गरेको बताइएको छ । बैंठकमा सेवा प्रवाहका विषयमा समिक्षा र आफ्ना जिल्लामा भएका असल अभ्यासका विषयमा एक आपसमा अनुभव सेयरिङ्ग पनि गरिएको थियो । बैठकमा पाँचै जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## ‘द्वन्द्वसम्बन्धी यौन हिंसा’ सम्बोधन गर्न ढिला नगरौं

**नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकार हननका थुप्रै घटनाहरु घटेका थिए । नेपालमा शान्ति निर्माण प्रक्रिया सुरु भएको दुई दशक पुग्नै लाग्दा पनि द्वन्द्वको समयमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका सवालमा यौनअपराध जस्ता घटनाको सम्बोधन अझै हुनसकेको छैन । हरेक वर्ष द्वन्द्वमा यौन हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस मनाइन्छ । आज पनि यो दिवस मनाईंदै छ । तर यौन हिंसाका घटनाहरुमा भने कमी आउन नसक्नु दुखद् हो ।**

**‘द्वन्द्वसम्बन्धी यौन हिंसा’ शब्दले बलात्कार, यौन दासत्व, जबरजस्ती वेश्यावृत्ति, गर्भावस्था, गर्भपतन वा नसबन्दी, विवाह, महिला, पुरुष वा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा द्वन्द्वसम्बन्धी यौन हिंसा हुन् । जुन द्वन्द्वसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएका हुन्छन् । शान्ति निर्माण प्रक्रियामा यौन हिंसाका मुद्दालाई खासै प्राथमिकतामा राखिएको छैन । यो अत्यन्त दुःखको कुरा हो । यौन हिंसा शान्ति निर्माण प्रक्रियामा छुटाइएको र छोडेको मुद्दा हो । समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोण कस्तो छ, त्यसको प्रतिरुप हो यौन हिंसा । समाजमा जबसम्म महिलाको शरीरलाई भोग्य वस्तुका रुपमा हेरिन्छ तबसम्म यो निरन्तर रहन्छ । नेपालमा यौन हिंसालाई सामान्यीकरण गर्ने भूमिका सरकारले खेलेको छ । सरकार बनाउने राजनीतिक दलहरूले खेलेका छन् भन्नु अत्युक्ति हुन्न ।**

**नेपालको स्थितिमा द्वन्द्वका समयमा यौन हिंसामा पर्नेहरुका कुरा सम्बोधन, अधिकारको प्रत्याभूति अहिलेसम्म सरकारले गर्न सकेको छैन । हद म्यादको कारण द्वन्द्वको समयमा भएका यौन हिंसाको मुद्दालाई सम्बोधन गर्न ऐन संशोधन गर्नैपर्ने देखिन्छ । यौनजन्य हिंसा मात्र नभई कार्यस्थलमा हुने सबै प्रकारका हिंसालाई समेटेर ऐन संशोधन भए मात्र सशस्त्र द्वन्द्वका बेला भएका यौन हिंसाका मुद्दा सम्बोधन हुन सक्छन् । अन्यथा यस्ता घटनाहरु झन् बढ्दै जाने छन् ।**

## Opinion @ Social Network

एउटा साथी एस्तो पनि छ,
जो फोटोमा थोरै अनि दु:ख मा धेरै साथ हुने गर्छ।
*(सुमन अधिकारीको फेसबुक स्टाटसबाट https://www.facebook.com/adk.suman)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युग सुहाउँदो नेतृत्वको अभावमा राजनीतिक तमासा



डा. डीआर उपाध्याय

हाम्रो देशको राजनीतिमा यतिबेला गज्जबको तमासा चलिरहेकै छ । देशको नेतृव लिएका व्यक्तिहरूको तमासाका आमजनतामा राजनीतिप्रति वितृष्ण बढ्दै गएको छ ।

यसले निराशा बढाएको छ । जसले हाम्रो र देशको भविष्य अनिश्चिततातर्फ धकेलेको प्रतीति हुन्छ । दलका नेताहरू राजनीतिको फोहोरी खेलमा अभयस्त हुँदै छन् । उनीहरूमा राजनीतिक संस्कार देखिँदैन र कुनै नैतिकता पनि । छन् त मीठा र आकर्षक नारा । मीठा कुराले चिउरा नभिज्दैन यर्थाथ हो तर हामी त्यसैमा रुमलिरहेका छौं ।

वर्तमान गठबन्धन सरकारको कार्यशैलीका कारण जनतामा निराशा बढेर गयो । शासन व्यवस्थाप्रति नै जनतामा असन्तुष्टि छ । जनताका सामन्यभन्दा पनि सामन्य आधारभूत समस्यामा सरकारले समाधान गर्न सकेन । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा बनेको सरकारले जनतामा आशा जगाउन नै सकेन ।

शासन व्यवस्थाप्रति जनतामा निराशा आउनु भनेको गम्भीरता चिन्ताको विषय हो । सत्तामा गएका राजनीतिक दल र तिनका नेताहरूले विकास, समृद्धिका कुरा गर्न थालेको धेरै भयो । तर विकास र समृद्धिले कुनै बाटो लिन सकेको छैन ।

*यसले निराशा बढाएको छ । जसले हाम्रो र देशको भविष्य अनिश्चिततातर्फ धकेलेको प्रतीति हुन्छ । दलका नेताहरू राजनीतिको फोहोरी खेलमा अभयस्त हुँदै छन् । उनीहरूमा राजनीतिक संस्कार देखिँदैन र कुनै नैतिकता पनि । छन् त मीठा र आकर्षक नारा । मीठा कुराले चिउरा नभिज्दैन यर्थाथ हो तर हामी त्यसैमा रुमलिरहेका छौं । वर्तमान गठबन्धन सरकारको कार्यशैलीका कारण जनतामा निराशा बढेर गयो । शासन व्यवस्थाप्रति नै जनतामा असन्तुष्टि छ । जनताका सामन्यभन्दा पनि सामन्य आधारभूत समस्यामा सरकारले समाधान गर्न सकेन । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा बनेको सरकारले जनतामा आशा जगाउन नै सकेन । शासन व्यवस्थाप्रति जनतामा निराशा आउनु भनेको गम्भीरता चिन्ताको विषय हो । सत्तामा गएका राजनीतिक दल र तिनका नेताहरूले विकास, समृद्धिका कुरा गर्न थालेको धेरै भयो ।*

कुरामात्र गरेर न विकास न त समृद्धि नहुँदो रहेछ । जनतालाई ढाँटने र भ्रमको राजनीति गर्दै आएका दलहरू सुध्रन सकेका छैनन् । जसले गर्दा आमजनता आक्रोशित बन्दै गएका छन् । सरकार बनाउने र गिराउने खेलले मुलुकको भविष्य बन्दैन । आज देश यही खेलमा अल्झिएर बसेको अवस्था छ । सरकारले आफ्नो गति बढाउनुपर्नेछ । विकास र समृद्धिका कुरामात्र गर्ने, काम भने सिन्को भाँच्न नसक्ने सरकारको शैलीले जनतामा निराशामात्र बढाएको छ ।

मुलुक लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा छ, यो व्यवस्थामा जनता खुशी हुनुपर्नेमा दु:खी छन् । राजनीतिक दलहरूले संविधान जारी भएपछि देशमा तीव्र आर्थिक विकास हुने कुरा गरे । तर हालसम्म कुनै छाँटकाट देखिँदैन ।

उनीहरूले देशमा विकास र समृद्धिको गतिलाई अब कसैले रोक्न नसक्ने बताएका थिए । समय बित्दै जाँदा केही काम नभएको देखियो । दलहरूका भाषण र आश्वासनले जनता दिक्क छन् । निर्वाचनका बेला आआफ्ना घोषणापत्रमार्फत नागरिकलाई आकर्षण गर्ने काम सबै दलले गरे तर चुनाव सकिएपछि दल र तिनका नेताहरूले सबै प्रतिबद्धता भुल्दै आएका छन् । ठूलाठूला स्वरमा भाषणमार्फत विकासका नारा जनतालाई सुनाइयो । सरकारमा गएपछि मुलुकको अवस्था जस्ताको तस्तै छ । के हो यो ? देशमा गठबन्धन सरकार छ । तर, सरकारले काम गर्न सकिरहेको छैन । यो नै समस्या हो । हाम्रो मुलुक आर्थिक मापदण्डका आधारमा उच्च, मध्यम र निम्न गरी तीन वर्गमा विभाजित छ । उच्च वर्गलाई राजनीतिक परिवर्तनले खासै प्रभाव पारेको छैन । यो सुविधा सम्पन्न वर्गले सामाजिक, राजनीतिक, शैक्षिक तथा आर्थिक सुविधाको उपयोग गरेको हुन्छ । यो वर्ग सधैं अगाडि छ । मध्यमवर्गको कुरा छ, यो वर्गले देश विकास होस् भन्ने चाहेको छ । प्राय:जसो मध्यमवर्गका युवा शैक्षिक रोजगारका लागि विदेशमा छन् । गाउँघरमा दक्ष तथा अर्धदक्ष जनशक्तिको अभाव छ ।

जसले गर्दा पनि देशको विकास र समृद्धिको नारालाई पूरा गर्न सम्भव देखिँदैन । हाम्रो देशमा गरिबीको रेखामुनि बाँच्न धेरै नागरिक बाध्य छन् । जतिसुकै देशमा परिवर्तन भए पनि गरिब किसानले केही लाभ पाउन सकेका छैनन् । गरिब किसान र मजदुर वर्गको पनि राजनीतिक परिवर्तनमा ठूलो योगदान छ ।

यही वर्गको आडमा माओवादीको १० वर्षे हिंसात्मक आन्दोलन भयो । २०६२-०६३ सालको जनआन्दोलन सफल भयो तर यो वर्गले के पाउन सक्यो ? के सरकार यो विषयमा गम्भीर छ ?

२०६३ सालको दोस्रो जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनीतिक घटनाक्रममा नेपाली जनताको ठूलो बलिदानी त्याग, तपस्या छ । देशमा भएको राजनीतिक परिवर्तनले सीमित राजनीतिकदलहरू र तिनका नेताहरूलाई मात्र फलिफाप भएको छ ।

आमजनताका लागि अनुकूल बन्न सकेको अवस्था छैन । २०४६ सालमा प्रजातन्त्रका लागि भएको जनआन्दोलन, १० वर्षे माओवादी सशत्र आन्दोनल, २०६२-०६३ सालको दोस्रो जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनीतिक घटनाक्रममा नेपाली जनताको ठूलो त्याग, तपस्या र प्रत्यक्ष सहभागिता छ ।

दोस्रो जनआन्दोलन २०६२-०६३ बाट प्राप्त उपलब्धिलाई व्यवस्थापन गर्दै देश र जनताको भाग्य र भविष्य निर्माण गर्ने गहन जिम्मेवारीबाट राजनीतिक दल र तिनका नेताहरू आजसम्म चुकेको अवस्था देखिन्छ ।

नागरिकलाई गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच दिनु राज्यको दायित्व हो । सरकारले केही काम गर्न सकिरहेको छैन । आमनागरिकको चाहना देश र जनताका लागि काम गर्नसक्ने सफल नेतृत्वको हो । हरेक नागरिकको झुपडीमा राज्यको उपस्थिति होस् भन्ने हो ।

सरकारले किन जनचाहनाको सम्बोधन गर्न सक्दैन ? मुलुक सञ्चालनका सन्दर्भमा युग सुहाउँदो ‘नेतृत्व’ नेपालले पाउँनै सकेन । पहिलो पुस्ताको हातमा राजनीतिक नेतृत्व रहुञ्जेल मुलुकले समृद्धिको मार्ग पहिल्याउन नसक्ने देखिएको छ । जुझारु पुस्ताको हातमा देशको नेतृत्व पुऱ्याउन नसक्दासम्म अझै कति पछाडि पर्ने हो अनिश्चिता कायम नै छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । | **तुला** : आफन्त सँग भेट घाट हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **वृष** : सरकारी निकायको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । | **वृश्चिक** : लामो यात्राबाट हानी हुनसक्छ । मानसम्मान प्राप्त हुने सम्भावना छ । |
| **मिथुन** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । पुँजी बजारमा फाइदा हुनेछ। | **धनु** : नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरु अगाडि बढ्नेछन्। |
| **कर्कट** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला। | **मकर** : रोकिएको धन पाइन सक्छ । अतिथिको रूपमा सत्कार पनि पाइनेछ। |
| **सिंह** : पारिवारिक सद्भाव बढ्नेछ । व्यापारव्यवसायमा पर्याप्त लाभ मिल्नेछ । | **कुम्भ** : शुभ समाचार सुन्न पाइएला । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । |
| **कन्या** : प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : राज्यबाट मान सम्मान पाइनेछ। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । |

कला मनोरञ्जन

# फिल्म फेस्टिभलमा नवीन र दयाहाङ सहभागी हुने





अमेरिकाको मेरिल्याण्ड राज्यमा जुन २० देखि २३ सम्म आयोजना हुने नेपाल–अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा निर्देशक नवीन सुब्बा र अभिनेता दयाहाङ राई सहभागी हुने भएका छन् ।

फेस्टिभलमा उनीहरूले सहकार्य गरेको फिल्म 'गाउँ आएको बाटो'को पनि प्रदर्शन हुने भएको छ आमोद राईले निर्माण गरेको फिल्ममा दयाहाङसहित पशुपति राई र बाल कलाकार प्रसन राईको अभिनय छ । गाउँमा सडक पुगेपछि त्यसले बाबुछोराको सम्बन्धमा ल्याउने उतारचढावको कथा भन्छ । फेस्टिभल समापन फिल्मको रुपमा 'द रेड सुटकेस' स्क्रिनिङ हुनेछ । भेनिस फिल्म फेस्टिभलमा विश्व प्रिमियर भैसकेको यो फिल्मलाई फिडेल देवकोटाले निर्देशन र रामकृष्ण पोखरेलले निर्माण गरेका हुन् । महोत्सवमा नेपाल, अमेरिका, इरान, जर्मनी, पाकिस्तान लगायत ११ देशका कथानक, वृत्तचित्र, सर्ट र एनिमेसन गरी ३५ फिल्म स्क्रिनिङ हुनेछन् । महोत्सव उदघाटन र समापन मेरिल्याण्डस्थित एएफआई सिल्भर थिएटरमा हुने आयोजक नेपाल–अमेरिका फिल्म सोसाइटीद्वारा जारी वक्तव्यमा उल्लेख छ ।

महोत्सवका फिल्म भने एएफआई सिल्भर थिएटर र ग्रीनबेल्ट थिएटरमा आयोजना हुनेछ । महोत्सव अवधिभर फिल्म र संस्कृति, महिला 'प्यानल' मा छलफल, फिल्म निर्माणबारे मास्टरक्लास पनि सञ्चालन हुने जनाइएको छ ।

मेरिल्याण्ड राज्यको 'पार्क्स तथा योजना आयोग'को सहयोगमा उक्त छलफल हुने जनाइएको छ । सन् २०१७ देखि प्रत्येक वर्ष महोत्सव आयोजना हुँदै आएको छ ।

*-रातोपाटी डटकम*

# 'पुष्पा २' को नयाँ रिलिज मिति घोषणा



दक्षिण भारतीय अभिनेता अल्लु अर्जुन र अभिनेत्री रश्मिका मन्दना अभिनीत प्रतिक्षित फिल्म 'पुष्पा २- द रूल' को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ ।

यसअघि १५ अगस्ट २०२४ (साउन ३१) मा रिलिज हुने भनिएको फिल्म चार महिना पछाडि सारिएको छ। फिल्मको रिलिज मिति पोस्टपोन्ड भएको चर्चा भइरहेको समयमा निर्माण टिमले एक पोस्टर सार्वजनिक गर्दै नयाँ प्रदर्शन मितिबारे आधिकारिक जानकारी दिएको हो ।

अब यो फिल्म वर्षको अन्त्यमा अर्थात् ६ डिसेम्बर (मंसिर २१) मा प्रदर्शन हुने भएको छ । फिल्मको प्रदर्शन मिति सार्नुको मुख्य कारण पोष्ट प्रोडक्सनको केही काम बाँकी रहेको बताइएको छ । सुकुमार बान्द्रेडीको लेखन एवं निर्देशन रहेको यो फिल्म निर्माण घोषणादेखि नै निकै चर्चा र पर्खाइमा छ । फिल्ममा अल्लु र रश्मिकाका साथमा फहद फासिल, धनुञ्जय, राव रमेश, सुनिल, अनसूया भारद्वाज र अजय घोषको अभिनय छ। नवीन येर्नेनी र रविशंकर यलमाञ्चिली फिल्मको निर्माता हुन् । यो फिल्म सन् २०२१ मा रिलिज भएको फिल्म 'पुष्पा: द राइज' को सिक्वेल हो ।

*-सेतोपाटी डटकम*

# 'ब्लकबस्टर' भएको हो 'पूजार सार्की' ?




एक वर्षदेखि चलचित्र विकास बोर्डले बक्सअफिस रिपोर्ट सार्वजनिक गरेको छैन । जसले गर्दा निर्माताले बढाइँचढाइँ पनि फिल्मको कलेक्सन सार्वजनिक गरिरहेका छन् । तर, गत जेठ १० गतेबाट प्रदर्शनरत दुई फिल्म 'पूजार सार्की' र 'फर्की फर्की'को व्यापारिक आँकडा बाहिर ल्याइएको छैन । जसले गर्दा दुवै फिल्मको व्यापार अपेक्षाकृत नभएको हुनसक्ने अड्कलबाजी पनि भइरहेको छ ।

यसैबीच, 'पूजार सार्की'को निर्माण कम्पनी किङ्गडम नेटवर्कले फिल्मलाई 'ब्लकबस्टर' घोषणा गरेको छ । सोमबार जारी फिल्मको एक पोस्टरमा 'ब्लकबस्टर' उल्लेख छ । २४औं दिनमा पनि देशभरका ५० भन्दा बढी स्क्रिनहरुमा फिल्म रिलिज भइरहेको निर्माण कम्पनीले जनाएको छ । तर, कलेक्सन रिपोर्ट सार्वजनिक नै नगरी 'ब्लकबस्टर' दाबी गर्नुलाई भने धेरैले स्वभाविक मानेका छैनन् ।

निर्माताले फिल्मको लागतबारे जानकारी नगराए पनि मार्केटिङसहित करिब साढे २ करोड भेटेको आँकलन गर्न सकिन्छ । लगानी उठाउन मात्र फिल्मले नेपालमा कम्तिमा ६ करोडमाथिको व्यापार गर्नैपर्छ । यो हुँदा फिल्म 'हिट' कहलिन्छ । 'ब्लकबस्टर' हुनलाई भने लगानीको दुई सय प्रतिशत मुनाफा कमाउनैपर्छ । 'पूजार सार्की'सँग 'फर्की फर्की' पनि आएकाले यो सम्भव भएको देखिँदैन ।

तथापि, 'पूजार सार्की'ले व्यापारमा भने बाजी मारेको छ । रिलिजको चौंथो हप्ता आइपुग्दा पनि मल्टीप्लेक्सहरुमा सुखद् शोजसहित आफ्नो उपस्थिति जनाइराख्नुले नै फिल्मको सफलता बोल्छ । अझै पनि सार्वजनिक विदामा फिल्मको अकुपेन्सी सुखद् देखिन्छ । बलियो 'स्टारकास्ट' र विषयवस्तुका कारण फिल्मलाई ठूलो फाइदा पुगेको छ । सम्भवत: यो फिल्मले ५१औं दिन मनाउन सक्नेछ ।

फिल्ममा अहिलेका तीन स्टार आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह प्रमुख भूमिकामा छन् । यो फिल्मबाट उनीहरुले एकपटक फेरि आफ्नो 'स्टारडम' प्रमाणित गरे । विशेषगरी 'पूजार सार्की' बाट प्रदीपलाई सबैभन्दा बढी फाइदा भएको छ । किनकि, उनको अभिनय क्षमताको उल्लेख्य प्रशंसा भइरहेको छ । यसबाट उनले आफूलाई 'अब्बल कोटी'को कलाकारको रुपमा चिनाएका छन् ।

*-फिल्मीखबर डटकम*

# गाउँ आएको बाटो : दाजै, कविता त गाउँमै छ



साझा प्रकाशनले ५० को दशकमा भूपाल राईको कवितासंग्रह प्रकाशन गरेको छ । 'दाजै ! कविता त गाउँमै छ' शीर्षकको कवितासंग्रहमा एउटा सोही शीर्षकको कविता छ । पूर्वी पहाडका राईका कवितामा केही पंक्ति यस्ता छन् -

भौतिक साँचोको करामत हो कि हैन
त्यो विचार्दै
दुई मिनेट अडेर एकछिन सोच्ने वा
दुई कदम पछाडि फर्केर हेर्ने
आशयको रिट हाल्न
एक झोला कविता बोकेर
सहर झरेको छु
मलाई नपछ्याउनु दाजै
कविता गाउँमै छ ।

भारतीय लेखक गुरूचरण दासले आफ्नो एउटा पुस्तकमा व्यापारमा पोख्त मारवाडी समुदायको बारेमा लेखेका छन्- आफ्नो थातथलोमा आफूलाई कमजोर (आर्थिक रूपमा) मारवाडी मात्र थातथलो छोडेर हिंड्छन् । मारवाडी समुदाय धेरै हकमा नयाँ गन्तव्यमा पुगेर आर्थिक रूपमा सफल भएका कारण समुदायमा अध्ययन गरेर त्यो भनिएको होला । नभए अधिकांश समुदायका मान्छे आफ्नो थातथलोमा कमजोर (मूलत: आर्थिक रूपमा) भएपछि मात्रै ठाउँ छोड्छन् । पृथ्वीनारायण शाहले आधुनिक नेपालको जग बसालेपछि राणाहरूको राजनीतिक कोपभाजनमा परेर (धेरै हदसम्म परिवारजन्य एकाई) बाहेक देशमा जति पनि आन्तरिक बसाइँसराइ भए त्यसमा धान र चामल खान पाउनुको उत्कट अभिलाषाले पनि ठूलो भूमिका खेलेको थियो ।

जसै तराई-मधेशका घना जंगलहरू मासेर, झोडा फाँडेर तराईका जमिनमा ठूलो मात्रामा खेती (धान) हुन थाल्यो, पहाडमा बस्नेहरू अवसर खोज्दै तराई झर्न थाले । तराईको समथर भूमिमा नयाँ सहर बसाल्न सजिलो भयो, राज्यको पकड बन्दै जाँदा अल्पयोजनायुक्त सहरहरूको निर्माण हुँदै गए । अविकसित सहर बन्दै जाँदा राज्यसँगै व्यापार जोडियो, व्यापारका वस्तु तथा विनियम जोडियो र सहरको पहुँच नपुगेको स्थानसम्मलाई राज्य तथा समुदायको स्तरमा सकेसम्म सडकले जोड्यो ।

धुलौटे सडकले सहरलाई गाँउ पुऱ्यायो र सडकले सहरलाई गाउँ पुऱ्याउनु अगावै गाउँ पुऱ्यायो उपभोक्तावादलाई, पुँजीवादलाई र सँगै पुऱ्यायो गाडीलाई र गाडी चढेर गाउँलेहरू कवि राईले भनेको जस्तै गरेर रिट हाल्न सहर आउन सक्ने भए । गाडी नहुँदा, सडक भन्न लायकको सडक नहुँदा समेत गाउँबाट प्रत्येक वर्ष रिट हाल्न आउने मान्छेको कमी त थिएन तर सडकले सहज बनायो ।

**'गाउँ आएको बाटो, बाटो हुँदै आएको सहर'**

ढुकुरको थैलीबाट कोदाको ब्याड सारेर
एक-एक ठेली लोककथा मान्छेभित्र ज्युँदैछ
किंवदन्तीको एकेक सूत्रमा बाँधिएको
त्यो भव्य विरासत र
छोरीको वियोगमा विक्षिप्त
थुविक्मा चरीको दु:खान्त गीत
जम्मैजम्मै त्यहीं छाडेको छु
मलाई नसराप्नु दाजै '
कविता गाउँमै छ ।

नवीन सुब्बा निर्देशित फिल्म 'गाउँ आएको बाटो' मुख्य चरित्रको भूमिकामा एक परिवार छन् । राई माइला (दयाहाङ राई), माइली (पशुपति राई) र छोरो बिन्द्रे (प्रसन राई) को सानो परिवारको लय-गति गाउँमा बिजुली, सडक, गाडी र टिभी आएपछि खलबलिएको छ । युवावस्थामा सके ब्रिटिश, नसके इन्डियन, त्यो पनि नसके खाडीका देशहरूमा लाहुर जाने चलन चलिरहेको पूर्वीपहाडमा राई माइला अपवाद छन् । आर्थिक र सामाजिक रूपमा कमजोर माइलाले थातथलो छाडेका छैनन्, अझ छाड्ने विचार गर्दा श्रीमतीको मायाले रोकिएका छन् । माइला चित्रा बुन्छ, फिपी बनाउँछ, कोदो बेच्छ, कुखुरा बेच्छ र पैसा कमाउन प्रयासरत छ । गाउँमा बिजुली आएको छ, बिजुलीले खर्च बढाएको छ, माइलाले घरमा प्रयोग गरिरहेको बिजुलीको भुक्तानी पैसामा गर्नु परेको छ । गाउँमा लाहुर जानेसँग पैसा छ, लाहुरे भएर आएकासँग पैसा छ तर माइलासँग सीप छ । सीपले बिजुलीको भुक्तानी हुँदैन, बिन्द्रेलाई बिजुलीको बानी छ, तर माइलासँग पैसा छैं, सीप छ । सीपमा पनि रैथाने सीप, बाउबाजेको पालोदेखिको सीप, हस्तान्तरण भएर आएको सीप छ । गाउँमा सडक आएको छ, बिजुली, गाडी, गाडीसँग कोकोकोला, भोड्का, मोबाइल र टिभी आएको छ । माइलाको छोरा बिन्द्रेलाई सडकमा गाडी कुँदाएर ड्राइभर बन्न, बिजुलीमा पढ्न, कोकोकोला खान, मोबाइल चलाउन र टिभी हेर्न मन छ । माइलालाई छोरालाई सबै थोक दिन मन छ तर माइलासँग दिनलाई सीप छ जुन प्रति छोरालाई चासो छैन र छोरालाई चासो भएको कुरा दिन माइलासँग पैसा छैन ।


माइलालाई बिन्द्रेको असाध्यै माया लाग्छ । सोही उमेरमा माइलाकी एक छोरी हराएकी छ । छोरा अब छोरीको उमेरको पुगिसक्यो । माइलालाई छोरो पनि हराउला कि भन्ने पीर छ, सन्तान गुमाएको हरेक आमाबुबालाई सन्तान गुमाउँदाको समयमा अर्को सन्तानको उमेर आइपुग्दा देखिने डर माइलाको मनमा प्रष्ट छ । एकदिन बिन्द्रे हराउँछ दिनभरि र बेलुका आएर आमाबाबुको हातमा चकलेट राखिदिन्छ । माइलालको संसार पहेंलो छ, सुनौलो छ, बिन्द्रेको संसार निलो छ, बिन्द्रेलाई चकलेटसँग सरोकार छ, माइलालाई छैन । माइलालाई बिन्द्रेको खुसीसँग सरोकार छ । माइलीलाई दुवैसँग सरोकार छ, श्रीमानलाई गलत कदम गर्नबाट रोक्नु छ भने छोरालाई सुधारिएको पनि देख्नु छ । माइलीलाई छोराको खुसीको लागि घरमा बिजुली पनि चाहिएको छ, उता बिजुलीको पैसा तिर्ने गरी पैसा कमाउन विदेश जान्छु भन्ने श्रीमान् पनि साथ चाहिएको छ । निर्देशक सुब्बाले फिल्ममा दयाहाङबाट गज्जबको काम निकालेका छन् । मुस्ताङको थकाली, काठमाडौं वरपरको तामाङ र पूर्वको लिम्बू क्यारेक्टरमा 'स्टेरियो टाइप' भएका दयाहाङले नि:सन्देह करिअरको सबै भन्दा राम्रो काममध्येको एक काम गरेका छन् । पशुपति राईको भूमिका पनि अत्ति नै प्रशंसनीय, फिल्म क्षेत्रले आशा राख्नुपर्ने किसिमको छ । प्रसनले देखाएको लोभलाग्दो सम्भावना अगामी दिनमा नेपाली सिनेमाको लागि सुखद् कुरा हो । निर्देशक सुब्बाले फिल्ममा देखाएको रङ संयोजन, ध्वनिको काम पनि दर्शकलाई फ्रेस गराउने किसिमको छ भने फिल्मको सिनेम्याट्रोग्राफी गज्जब छ । 'सर्ट सट'मा खिचिएको सिनहरूले दर्शकलाई पात्र अझ मानवीय र नजिकैका पात्र झैं महसुस गराउने खालका छन् । यद्यपि केही दृश्य बिझाउने खालका पनि छन् । फिल्ममा देखाइएको सुप्तुलुङ पूजा गरिएको दृश्य र धामीले आत्मा शान्तिलाई गरिरहेको यत्न सबै उत्कृष्ट किसिमले संयोजन गरिएको छ, नकि देखाउनैपर्ने बाध्यताले राखिएको जस्तो लाग्छ । दृश्य नथोपरी कसरी संस्कृतिक पक्षलाई संयोजन गर्दै लैजाने भन्ने कुरा सुब्बाबाट अरू निर्देशकले पनि सिक्नुपर्ने देखिन्छ । फिल्ममा राखिएको संवाद पनि अतिशय भावुकताबाट प्रेरित देखिँदैन । संवादमा अक्सर चिप्लिने नेपाली फिल्मका श्रेणीमा यस फिल्मको संवाद पर्ने देखिँदैन । सुब्बाले पात्र केन्द्रित जुन दु:खान्त कविता फिल्म मार्फत देखाउन खोजेका छन्, त्यसमा उनको तारिफ गर्नैपर्छ । भूपाल राईले ५० को दशकमा देखेको कवितालाई सुब्बाले पुन: गाउँमै देखाउन सफल भएका छन् । तर विकास र कविता फरक हुन् ।

**र, विकासको विषयमा असहमति**

सुब्बाले फिल्ममा माइला र माइलाको परिवारमा भैपरी आउने सबै समस्यालाई सडक र सडकसँगै आएको गाडी र गाडीले ल्याएको पुँजीवादी उपभोक्तावादको कारणले भन्ने विचारलाई प्रश्रय दिएको देखिन्छ । कथाको समय ठ्याक्कै किटान नभएपनि भोजपुरबाट नाङ्लोलगायत बाँसले बनाएको वस्तु बोकेर तल तराई झरेर बेच्ने चलन नयाँ होइन । माइलाको बाउबाजेले तराई झरेर सामान बेच्ने समय र माइलाले बेच्ने समय पक्कै एउटै होइन । एक पुस्ताको अन्तरमा अरूणमा धेरै पानी बगिसकेको हुन्छ । विकास कसको र केको मूल्यमा भन्ने प्रश्न एकदमै जायज छ । आदिवासी र रैथाने संस्कृतिको रक्षा गर्दै सबै पक्षलाई विकासको मर्मसँग आत्मसात गर्दै अघि बढाउनुपर्ने आजको समयको माग पनि हो र त्यसको आवश्यकता पनि छ । तर सडकसँगै गाउँमा कोकोकोला र भोड्का पस्नु र गाउँको कोदाको रक्सी भने राज्यको नजरमा अखाद्य रुपमा पोखिनुमा राज्यले गर्ने अर्थोपार्जनसँग पनि जोडिन्छ । राज्यले करयोग्य वस्तुलाई बजारमा तबसम्म निर्वाध रूपमा छोड्छ जबसम्म सो वस्तुले ठूलो मानवीय क्षति गर्ने आधार फेला पार्दैन । राज्यले कोदोको रक्सीलाई बजारबाट निस्तेज पार्नुमा राज्यले उठाउन नपाउने करको कारणले पनि हो । स्थानीय रूपमा उत्पादित रक्सीमा राज्यले कर उठाउन पाएको दिन यस्ता वस्तु पनि बजारमा छ्यापछ्यापती देखिने नै छन् । माटोसँग जोडिएको रैथाने सीपले बुनिएको चित्रा र फिपीलाई सडकको जञ्जालले मात्र होइन, प्लास्टिकको वस्तुको मूल्यको तुलनामा चित्रा र फिपीको मूल्यले विस्थापित गर्न भूमिका खेलिरहेको हुन्छ । मान्छे जति संस्कृतिप्रति भावनात्मक हुन्छ त्यो भन्दा पनि आर्थिक विषयप्रति सचेत हुन्छ । आर्थिकरूपमा घाटा लाग्ने काम मान्छेले गर्दैन । सोझा राई माइलालाई नबुझेको कुरा फिल्ममा यही लाग्छ । प्रेम सुब्बाले निर्वाह गरेको लाहुरे भन्ने पात्रले भने यस कुरालाई बुझेको भन्ने देखिन्छ । लाहुर बसेर गाउँ फर्केको लाहुरेले ट्र्याक्टर चलाउनु, गाउँमा बियर, भोड्का बेच्ने पसल थाप्नु र छोरालाई जर्मनी पठाउने तयारी गर्नुले लाहुरेलाई बदलिंदो आर्थिक, सामाजिक विषयसँग तादम्यता भएको देखाइएको छ भने राई माइलाले सो मर्म नबुझ्न सक्दा अन्तत: गाउँ छोडेरै जानुपर्ने अवस्था छ । सडकले गाउँलाई सहर नजिक भन्दा सहरलाई गाउँ नजिक पुऱ्याइरहेको हुन्छ । पुँजीवादी व्यवस्थाले सदैव आफ्नो बजार खेजिरहेको हुन्छ र वस्तुले मौका पाउनासाथ प्रतिस्पर्धीको घाँटी रेट्छ । चित्रा र फिपीको हकमा त्रिपाल र प्लास्टिकका भाँडाकुँडाले गरेको त्यही हो ।

*-अनलाइन खबर डटकम*

# आज द्वन्द्वमा यौन हिंसाको उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस मनाइँदै



पाल्पा, असार ४/आज द्वन्द्वमा यौन हिंसाको उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस मनाइँदै छ । द्वन्द्वसम्बन्धी यौन हिंसा, विश्वभर यौन हिंसाबाट पीडित र बाँचेकाहरुलाई सम्मान गर्न, अपराध उन्मूलनका लागि उभिन, र जीवन समर्पण तथा गुमाएका सबैलाई श्रद्धाञ्जली अर्पण गर्न यो दिवस मनाउने गरिएको हो ।

प्रत्येक वर्ष जून १९ तारिखमा संयुक्त राष्ट्र संघले द्वन्द्वमा यौन हिंसाको उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस मनाउने गरेको छ । १९ जुन सन् २०१५ मा संयुक्त राष्ट्र संघको महासभाले प्रत्येक वर्षको जुन १९ लाई द्वन्द्वमा हुने यौन हिंसाको उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस घोषणा गरेको हो । द्वन्द्वमा हुने यौन हिंसाको अन्त्यका लागि यो दिवसको खाका कोरिएको छ । 'द्वन्द्वसम्बन्धी यौन हिंसा' शब्दले बलात्कार, यौन दासत्व, जबरजस्ती वेश्यावृत्ति, गर्भावस्था, गर्भपतन वा नसबन्दी, विवाह, महिला, पुरुष वा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा द्वन्द्वसम्बन्धी यौन हिंसा हुन् । जुन द्वन्द्वसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएका हुन्छन् । यसले यौन हिंसा वा शोषणको उद्देश्यका लागि द्वन्द्वको अवस्थामा प्रतिबद्ध हुँदा व्यक्तिहरुको बेचबिखनलाई समेत समेट्ने गरेको हुन्छ । शान्ति निर्माण प्रक्रियामा यौन हिंसाका मुद्दालाई खासै प्राथमिकतामा राखिएको छैन ।

# घर -घरका मठमा तुलसीको दल राखियो



**पाल्पा,** असार ४/आ-आफ्नो घरको मठमा मंगलबार तुलसीको दल राखिएको छ । प्रत्येक वर्ष जेष्ठ शुक्ल एकादशीका दिन घर-घरमा तुलसीको दल राख्ने पम्परा अनुसार मठमा तुलसीको दल राखिएको हो ।

विशेषत: वैदिक सनातन धर्मावलम्बीले हरेक वर्ष मठमा तुलसीको दल राख्ने गर्दछन् । यस दिनलाई निर्जला एकादशी पनि भनिन्छ । यस दिन रोपेको बिउ एक महिनापछि आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन रोपिन्छ ।

आषाढ शुक्ल एकादशीदेखि कात्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा गरिन्छ । यसलाई तुलसी हुकाई-बढाई दामोदरसँग विवाह गरिने भन्ने पनि बुझिन्छ । यो चार महिनालाई चतुर्मास भनिन्छ । चतुर्मासमा स्नान, पूजन र दान गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । निर्जला एकादशीसमेत भनिने भएकाले यस दिन पानीसमेत नपिई व्रत गर्नाले अभीष्ट फल पाइने शास्त्रीय वचन रहेको छ । सोही अनुसार अधिकांस धर्मावलम्बीहरु व्रत समेत बसे । सक्नेले पानी नखाई व्रत गरे भने नसक्नेहरुले फलफूल खाएर बसेका छन् ।

आयुर्वेदिक रूपमा पनि लाभकारी औषधि मानिने तुलसी विभिन्न रोगको उपचारमा समेत प्रयोग गरिन्छ । तुलसीमा धेरै अक्सिजन पाइने आधुनिक विज्ञानले प्रमाणित गरेको छ । यस अवसरमा देशभरका नारायणस्थान एवम् विष्णु मन्दिरमा भक्तजनको विशेष भीड लागेको थियो । मिथिलामा सामान्यतया सबै एकादशीलाई धार्मिक विश्वासमा खास दिन मानिने परम्परा भए पनि निर्जला, हरिशयनी र हरिवोधनीचाहिँ विशेष नै मानिन्छन् ।

हिन्दु मैथिल परम्परामा एकादशी र तुलसीबीच गहिरो सम्बन्ध रहेको मैथिल कर्मकाण्डका ज्ञाताहरु बताउँछन् । सत्ययुगमा सति नारी वृन्दाका दुष्ट पतिको संहार गर्न विष्णुले छलेर उनको सतित्व डगाउँदा वृन्दाले भगवान् विष्णुलाई श्राप दिएको बताइन्छ । त्यसै श्रापअनुसार वनस्पतिरूपमा भगवान् विष्णु तुलसी हुँदा उनको पूजाआराधनासँग तुलसीको प्रचलन जोडिएको जनविश्वास छ ।


मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

# वेस्ट इन्डिजले अफगानिस्तानलाई हरायो



**काठमाडौं**, असार ३/टी-२० विश्वकप २०२४ मा समूह चरणको आफ्नो अन्तिम खेलमा वेस्ट इन्डिजले अफगानिस्तानलाई १०४ रनको फराकिलो अन्तरले हराएको छ ।

२१९ रनको लक्ष्य पछ्याएको अफगानिस्तान १६ ओभर दुई बलमा ११४ रन बनाए अलआउट भएपछि वेस्ट इन्डिजले फराकिलो जीत हात पारेको हो । जारी विश्वकपको यो नै सबैभन्दा ठूलो अन्तरको जीत हो ।

विशाल लक्ष्य पछ्याउने क्रममा अफगानिस्तानका इब्राहिम जद्रानले ३८, अजमतुल्लाह उमरजईले २३, राशिद खानले १८, करिम जन्नतले १४ रन बनाउन बाहेक अरुले दोहोरो अंक नै बनाउन सकेनन् । अफगानिस्तानलाई अलआउट गर्न वेस्ट इन्डिजका ओबेद म्याककोयले तीन, मुडाकेश मोती र अकिल हुसैनले दुई/दुई तथा आन्द्रे रसेल र अल्जारी जोसेफले एक/एक विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले निकोलस पुरनको आक्रामक ब्याटिङमा २१८ रन बनाएको थियो ।

पुरणले ५३ बलमा ९८ रनको आक्रामक इनिङ खेले । जोनसन चार्ल्सले २७ बलमा ४३, शाई होपले १७ बलमा २५, रोभम्यान पावेलले १५ बलमा २६ रन बनाए । अफगानिस्तानका गुलबदिन नाबीले २ तथा नवीन उल हक र फजलहक फारुकीले एक/एक विकेट लिए । समूह सीबाट अफगानिस्तान र वेस्ट इन्डिज दुवै सुपर-८ मा पुगिसकेका छन् । सुपर-८ को समूह २ मा रहेको वेस्ट इन्डिजले इंग्ल्याड र समूह १ मा रहेको अफगानिस्तानले इन्डियासँग पहिलो खेल खेल्नेछ ।


वर्गिकृत डिस्प्ले
*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा गिरावट



**पाल्पा,** असार ४/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक घटेको छ । मंगलबार १८ दशमलव ७६ अंकले नेप्सेमा गिरावट आएको हो ।

नेप्से घटेसँगै २ हजार ७६ दशमलव ४९ विन्दुमा सीमित भएको छ । सो अवधिमा ९५ लाख ४४ हजार ७ सय ३४ कित्ता सेयर खरिद बिक्री हुँदा ४ अर्ब ५ करोड ५७ लाख रुपैयाँको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । बैंकिङ एक दशमलव १६, विकास बैंक शून्य दशमलव ८७, वित्त एक दशमलव शुन्य चार, होटल तथा पर्यटन शून्य दशमलव ७२, जलविद्युत् शून्य दशमलव ८७ र लगानी समूहको उपसूचक शून्य दशमलव ८२ प्रतिशतले घटेको छ । त्यस्तै जीवन बीमा समूह शून्य दशमलव ९८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५२, लघुवित्त शून्य दशमलव ६४ र म्युचुअल फन्ड शून्य दशमलव ७२ प्रतिशतले घटेको छ । निर्जीवन बीमा शून्य दशमलव ८३, व्यापार शून्य दशमलव ६३ र अन्य समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ ।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको रु ११ करोड २७ लाख ९८ हजार सात सय ८२ बराबरका तीन लाख ६२ हजार एक सय २४ कित्ता शेयर किनबेच भएका छन् ।

# हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई